)

बुढीनन्दा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः...५ संख्याः...५ मितिः २०८०..../०३../.०२.

**भाग-२**

**बुढीनन्दा नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**कोल्टी, बाजुरा**

कार्यपालिकाबाट जारी, कार्यविधि, २०८०।०३।०२

# Hydraulic Excavator संचालन सम्बन्धी कार्यविधि, २०८०

**पृष्ठभुमिः**स्थानीय पुर्वाधार विकास आयोजना तथा परियोजनाहरुलाई छिटो छरितो र गुणस्तरीय बनाउन बुढीनन्दा नगरपालिकाको स्वामित्वमा रहेको Hydraulic Excavator संचालन र व्यवस्थापन गर्न स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२) को (घ) ले निदिष्ट गरे बमोजिम बुढीनन्दा नगरपालिकाले Hydraulic Excavator संचालन सम्बन्धी कार्यविधि, २०८० जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम Hydraulic Excavator संचालन सम्बन्धी कार्यविधि, २०८० रहने छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाबाट पारीत भएको मिति देखि लागु हुने छ ।

ग) यो कार्यविधि बुढीनन्दा नगरपालिका भित्र र नगरपालिका बाहिर समेत सम्झौता गरी योजनाको काममा प्रयोग गर्न सकिन्छ ।

२. परिभाषा

क) "पालिका" भन्नाले बुढीनन्दा नगरपालिककालाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले बुढीनन्दा नगर कार्यपालिककालाई सम्झनु पर्दछ ।

ग) "Hydraulic Excavator" भन्नाले बुढीनन्दा नगरपालिकाको स्वामित्वमा रहेको Hyundie India कम्पनीको बाग्गमती प्रदेश ०१-००१ ग ४३१८ को Hydraulic Excavator सम्झनु पर्दछ ।

घ) "समिति" भन्नाले यस कार्वविधि अन्तर्गत गठित Hydraulic Excavator संचालन र अनुगमन समिति सम्झनु पर्दछ ।

ङ) "कोष" भन्नाले बुढीनन्दा नगरपालिकाको Hydraulic Excavator संचालनका लागि तोकिएको कार्यसञ्चालन कोष सम्झनु पदर्छ ।

च) "अपरेटर" भन्नाले बुढीनन्दा नगरपालिकाको स्वामित्वमा रहेको Hyundie India कम्पनीको बाग्गमती प्रदेश ०१-००१ ग ४३१८ को Hydraulic Excavator चलाउने अपरेटरलाई सम्झनु पर्दछ ।

छ) "सेवाग्रही" भन्नाले यस कार्यविधि अनुसार सेवा लिन चाहने सार्वजनिक संघ / संस्था / समिति / उपभोक्ता समिति र व्यक्तीलाई सम्झनु पर्दछ ।

३. संचालन समिति गठन

क) बुढीनन्दा नगरपालिकाको स्वामित्वमा रहेको Hyundie India कम्पनीको बागमती प्रदेश ०१-००१ ग ४३१८ को Hydraulic Excavator संचालनका लागि देहाय बमोजिमको संचालन समिति रहनेछ ।

१. प्रमुख प्रशासकीय अधिकृत — संयोजक
२. आर्थिक प्रशासन प्रमुख — सदस्य
३. प्राविधिक शाखा प्रमुख — सदस्य
४. जिन्सी शाखा प्रमुख — सदस्य
५. योजना शाखा प्रमुख — सदस्य सचिव

बैठकमा आवश्यकता अनुसार आमन्त्रित गर्न सकिने छ ।

४. अनुगमन समिति गठन

१. नगर उप- प्रमुख संयोजक
२. नगर कार्यपालिकाले तोकेका अन्य चार जना सदस्य ।

५. संचालन समितिको काम, कर्तव्य र अधिकार

क) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. Hydraulic Excavator प्रयोगको दररेट निर्धारण गर्ने ।
२. Hydraulic Excavator को रेखदेख गर्ने ।
३. संचालनको अवस्थामा नियमन गर्ने ।
४. मर्मत संभार गर्न लागउने ।
५. नगर कार्यपालिकामा नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने ।
६. Hydraulic Excavator संचालन सम्बन्धी सम्पूर्ण आवश्यक कामकाज गर्ने गराउने ।

६. अनुगमन समितिको काम, कर्तव्य र अधिकार

क) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

Hydraulic Excavator संचालन सम्बन्धी सम्पूर्ण कामकाजको अनुगमन गर्ने ।

७. समितिको बैठक

क) समितिको बैठक मासिक रुपमा बस्नेछ ।

ख) आवश्यकताको आधारमा जुन सुकै बेला समितिको बैठक बस्न सक्नेछ ।

८. Hydraulic Excavator को उपलब्धता सम्बन्धी व्यवस्था

क) सेवाग्राहीले अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

ख) नगरपालिकाबाट उपलब्ध गराईने Hydraulic Excavator को भाडा दर बुदा नं. ११ बमोजिम हुनेछ ।

ग) सेवाग्राहीले अनुसूची १ बमोजिम फाराम भरी समितिको सिफारिसमा अनुसूची २ बमोजिमको सम्झौता गराई Hydraulic Excavator उपलब्ध गराईने छ ।

घ) तत्काल Hydraulic Excavator प्रयोगमा ल्याउनु पर्ने अवस्था उत्पन्न भएमा पछि समितिको बैठकबाट अनुमोदन गराउने गरि कार्यालयले उपलब्ध गराउन सक्नेछ ।

ङ) अग्रिम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्ने छ ।

च) लापरबाहीका कारणले Hydraulic Excavator मा कुनै क्षति पुग्न गएमा सोको जिम्मेवारी माग गर्ने सेवा ग्राहीको हुनेछ ।

छ) विपद र नगरपालिका बाट आयोजना गरिने विशेष कार्यका सन्दर्भमा Hydraulic Excavator संचालन गर्नुपर्ने भएमा महशुल छुट गर्न सकिनेछ ।

ज) नगरपालिकाबाट सम्झौता गरि कार्य संचालन हुने उपभोक्ता समितिहरुको हकमा तत्काल दस्तुर बुझाउन नसक्ने भएमा भुक्तानी कार्यमा कट्टी हुनेगरी Hydraulic Excavator उपलब्ध गराउन सकिनेछ ।

**९. संचालन कोषको व्यवस्था**

क) Hydraulic Excavator संचालनको लागी एउटा कार्यसंचालन खोष खडा गरिने छ । उक्त कोष खाता ग-५-१ विविध कोष खाता बैक खाता नं. ४४१०१००३०५०१०००२ रहने छ । उक्त कोषमा देहाय बमोजिमको रकम रहने छ ।

१. बुढीनन्दा नगरपालिका बाट विनियोजित रकम ।

२. बुढीनन्दा नगरपलिकाबाट उक्त कोषमा जम्मा हुने गरि कट्टी गरेको रकम ।

३. सेवाग्राहीबाट प्राप्त रकम ।

४. विभिन्न निकायबाट प्राप्त रकम ।

**१०. कोषको संचानल विधि**

प्रचलित कानून अनुसार नगरपालिकाको खाता संचालन गर्ने प्रकृया अनुसार कोष खाता संचालन हुनेछ ।

११. Hydraulic Excavator दर रेट सम्बन्धमा

क) Hydraulic Excavator संचालन समितिले तोके बमोजिम हुनेछ ।

ख) आवश्यकता अनुसार संचालन समितिले दर रेट परिमार्जित गर्न सक्नेछ ।

**१२. अपरेटरको सेवा सुविधा सम्बन्धी व्यवस्था**

क) अपरेटरको तत्कालमा लागि करारमा नियुक्ती गरिने छ र आवश्यकताका आधारमा म्याद थप गर्न सकिने छ ।

ख) अपरेटरको थप सुविधा नगर कार्यपालिकाले तोके बमोजिम हुने छ ।

ग) थप सुविधा कोष बाट रकम भुक्तानी दिनु पर्नेछ ।

**१३. विमा सम्बन्धी व्यवस्था**

क) नियम अनुसार पहिलो पक्ष, दोस्रो पक्ष र तेस्रो पक्षको विमा गर्नु पर्ने छ ।

**१४. विविध**

क) कार्यविधिमा उल्लेख नभएका अन्य व्यवस्था नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) यस कार्यविधिको व्याख्या नगर कार्यपालिकाले गर्नेछ ।

ग) मर्मत सम्भारको सम्पुर्ण काम कोष बाट गरिने छ ।

**बाधा अड्काउ फुकाउ**

Hydraulic Excavator संचालनका क्रममा बाधा अड्काउ उत्पन्न भएमा नगरपालिकाले Hydraulic Excavator संचालन कार्यविधि, नगर कार्यपालिकाले संचालन समितिको परामर्शमा आवश्यक संसोधन गर्न सक्नेछ ।

अनुसूची – १

(बुँदा  ८ को (क) सँग सम्बन्धित)

Hydraulic Excavator भाडामा लिने सम्बन्धि निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
बुढीनन्दा नगरपालिकाको कार्यालय
कोल्टी बाजुरा ।

............................................ कामको लागि नगरपालिकाको नियमानुसार नगरपालिकालको Hydraulic Excavator उल्लेखित समयको लागि उपलब्ध गरिदिनु हुन निवेदन गर्दछु ।

१. Hydraulic Excavator कार्यको विवरण

- स्थानः...................................................................

- सिफ्टः.................................................................
- अनुमानित कार्य अवधि ....................... देखि ............................... सम्म ।

कार्यलयको नियमानुसार राजश्व जम्मा गरि सकेपछि Hydraulic Excavator लैजाने र काम गर्ने कुरामा कार्यालयले तोकेको सम्पूर्ण नियम तथा सर्तहरु पालना गर्न मन्जुर छु ।

निवेदकको पुरा नामः
निवेदकको ठेगानाः
निवेदकको मोबाइल नं.
हस्ताक्षरः

**(कार्यालय प्रयोजनका लागी मात्र)**

श्री आर्थिक प्रशासन शाखा

........................................... निम्न बमोजिम रकम आम्दानी बाध्नुहोला ।

भाडामा दिएको विवरणः

भाडा दरः ............................. जम्मा राजश्व रकम ।
प्रति घण्टा सिफ्टः
राजश्व रकम प्राप्त भएको मितिः ........................ जम्मा रकम रु .........................

| | |
|---|---|
| पेश गर्ने | प्रमाणित गर्ने |
| नामः | नामः |
| पदः | पदः |
| हस्ताक्षरः | हस्ताक्षरः |

अनुसूची- २
(बुँदा ८ को (ग) सँग सम्बन्धित)

बुढीनन्दा नगरपालिकाको स्वामित्वमा रहेको Hyundie India कम्पनीको बाग्गमती प्रदेश ०१-००१ ग ४३१८ को Hydraulic Excavator भाडामा लगाउने कार्य सम्बन्धि सम्झौता पत्र ।

**सम्झौता पत्र**

बुढीनन्दा नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोल्टी, बाजुरा (यस पछि प्रथप पक्ष ) र .................. ........................ (यस पछि दोस्रो पक्ष) Hydraulic Excavator भाडामा लगाउने कार्य देहाय बमोजिमको

सेवा तथा सर्तहरुको अधिमा रही कार्यन्यन गर्न गराउन दुवै पक्ष एक आपसमा सहमत भई बुढीनन्दा नगरपालिकाको कार्यालयमा बसी यो द्वीपक्षिय सम्झौता पत्रमा हस्ताक्षर गरि लियौ दियौ ।

१. प्रथम पक्षले दोस्रो पक्षलाई .............................. कार्यका लागी मिति ............................देखि .................................. सम्म प्रति घण्टाको भाडामा उपलब्ध गराउनु पर्नेछ ।

२. बुढीनन्दा नगरपालिका क्षेत्र भित्र सार्वजनिक निर्माणको कार्य गर्न प्रति घण्टा रु ..................मा द्रोस्रो पक्षले यो सम्झौतामा हस्ताक्षर गर्यौं ।

३. Hydraulic Excavator को प्रयोगको क्रममा दोस्रो पक्षको लापरवाही बाट दुर्घटना भएको पुष्टि हुन आएमा र प्रथम पक्षको लापरवाहीका कारण डोजरको पार्ट पुर्जामा अस्वभाविक ढंगले क्षति हुन गएको पुष्टि हुन आएमा उक्त क्षतिको क्षतिपूर्ति प्राविधिकको मूल्याङ्कन बमोजिम दोस्रो पक्षले गर्नेछ । Hydraulic Excavator संचालन सम्बन्धी कार्यविधि, २०८० मा भएका कुराको अतिरिक्त निम्न लिखित अधिकार प्रथम पक्षलाई हुनेछ ।

   क) समयमा कार्य सम्पादन हुन नसके Hydraulic Excavator फिर्ता गरि सम्झौता भंग गर्ने ।

   ख) प्रचलित कानून वा सम्झौता बमोजिम उपलब्ध हुने अन्य उपचार ।

सम्झौतामा उल्लेख नभएका विषयहरुको प्रचलित कानुन बमोजिम हुनेछ ।

प्रथम पक्षको तर्फबाट
दस्तखतः
नामः
पदः
कार्यालयको छाप

दोस्रो पक्षको तर्फबाट
दस्तखतः
नामः
पदः

साक्षि    साक्षि    साक्षि

**अनुसूची २**

( दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

बुढीनन्दा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः...५ संख्याः...५ मितिः २०८०..../०३../.०२.

**भाग-२**

**बुढीनन्दा नगरपालिका**

कार्यपालिकाबाट जारी, कार्यविधि, २०८०।०३।०२

आज्ञाले,

नाम सन्तोष कुमार शाह

नि प्रमुख प्रशासकीय अधिकृत